# नगर स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७९

**स्वीकृत मिति २०७९।६।३०**

प्रस्तावना: पाटन नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरवन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्य नजर गरी शिक्षकहरुको मागलाई पूर्ती गर्न स्वयमसेवक शिक्षक छनौट मापदण्ड निर्धारण, परीक्षा संचालन, नियुक्ति तथा पदस्थापनलाई व्यवस्थित, मर्यादित एवम स्तरीय बनाउन र योग्य एवम सक्षम जनशक्तिको छनौट गरी अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयन गर्दै शिक्षाको गुणस्तर अभिवृद्धि गर्नको लागि नेपालको संविधान २०७२ को अनुसूची ८ को आधारभूत तथा माध्यमिक शिक्षा सम्वन्धी एकल अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उप दफा (२) (ज) अनुसार स्थानीय तहलाई दिएको अधिकार प्रयोग गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उप दफा (२) बमोजिम तथा आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरि यो नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७९ जारी गरिएको छ।

## परिच्छेद – १

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम नगर स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७९ रहेको छ र यो कार्यविधि कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) " पुर्व प्राथमिक शिक्षा " भन्नाले चार वर्ष उमेर पुरा भएका वालवालिकालाई कक्षा एकमा भर्ना गर्नु भन्दा पहिला दिइने १ वर्षको शिक्षा लाई सम्झनुपर्छ।

ख) " आधारभूत तह" भन्नाले आधारभूत तह भन्नाले कक्षा १ देखी ८ सम्म दिइने शिक्षा लाई सम्झनु पर्छ।

ग) " माध्यमिक तह" भन्नाले कक्षा ९ देखि १२ सम्म दिइने शिक्षालाई सम्झनु पर्छ।

घ) "कार्यपालिका " भन्नाले पाटन नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

ङ) " नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको पाटन नगरपालिकालाई सम्झनु पर्छ।

च) " छनौट समिति" भन्नाले नियम वमोजिम नियम ७ को उप नियम १ बमोजिम गठन भएको नगर स्वयम सेवक शिक्षक छनौट समितिलाई सम्झनु पर्छ।

छ) " प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ।



नगर प्रमुख

Scanned by TapScanner

ज) " प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्छ ।

झ) " प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्छ ।

ञ) " व्यवस्थापन समिति " भन्नाले संघिय शिक्षा ऐन दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

ट) " शाखा प्रमुख" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख तथा सो को काम काज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

ठ) " शिक्षा अधिकृत" भन्नाले नगरपालिकको शिक्षा युवा तथा खेलकुद शाखाको अधिकृत लाई सम्झनु पर्छ ।

ड) " शिक्षक सेवा आयोग " भन्नाले संघिय कानुन बमोजिम शिक्षकहरुको स्थायी नियुक्तिको लागि सिफारिस गर्न गठन भएको आयोग लाई सम्झनु पर्छ ।

ढ) " नगर वाल कक्षा स्वयम सेवक शिक्षक" भन्नाले पूर्व प्राथमिक शिक्षामा नगरपालिकावाट प्रदान गरेको एकमुष्ट अनुदानमा विद्यालय व्यवस्थापन समितिले निजिश्रोत वालकक्षा शिक्षक वा स्वयम सेवक शिक्षकको नामवाट नियुक्त गरिएका स्वयम सेवक शिक्षकलाई समंझनु पर्छ ।

ण) " आधारभूत नगर स्वयम सेवक शिक्षक" भन्नाले आधारभूत तहमा नगरपालिकावाट प्रदान गरेको एकमुष्ट अनुदानमा विद्यालय व्यवस्थापन समितिले निजिश्रोत शिक्षक वा स्वयम सेवक शिक्षकको नामवाट नियुक्त गरिएका स्वयम सेवक शिक्षकलाई समंझनु पर्छ ।

त) " माध्यमिक नगर स्वयम सेवक शिक्षक" भन्नाले माध्यमिक तहमा नगरपालिकावाट प्रदान गरेको एकमुष्ट अनुदानमा विद्यालय व्यवस्थापन समितिले निजिश्रोत शिक्षक वा स्वयम सेवक शिक्षकको नामवाट नियुक्त गरिएका स्वयम सेवक शिक्षकलाई समंझनु पर्छ ।

थ) " विषय विज्ञ" भन्नाले नगर स्वयम सेवक शिक्षक छनौट परीक्षा संचालनको लागि शिक्षा विकास तथा समन्वय ईकाइ तथा नगरपालिकावाट सूचीकृत प्राथमिक , निम्न माध्यमिक र माध्यमिक स्थायी शिक्षकलाई सम्झनु पर्छ ।

द) "एकमुष्ट अनुदान" भन्नाले नगर कार्यपालिकाको निर्णय बमोजिम नगर स्वयम सेवक शिक्षक कोटाको आधारमा विद्यालयलाई पारिश्रमिकको रुपमा निर्वाह भत्ता स्वरुप प्रदान गरिने अनुदान रकम सम्झनु पर्छ ।

ध) " विद्यालय " भन्नाले संघिय कानुन बमोजिम अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

न) " निजिस्रोत शिक्षक" विद्यालय व्यवस्थापन समितिले निजिस्रोतमा नियुक्त गरेका शिक्षक त्यस पछि नगर स्वयम् सेवक शिक्षकको निर्वाह भत्ता खाइपाएका नगर स्वयम सेवक शिक्षकलाई सम्झनुपर्छ ।



नगर प्रमुख

Scanned by TapScanner

## परिच्छेद -२

## दरवन्दी सिर्जना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

**३) नगर स्वयम सेवक शिक्षकको अनुदान कोटा सिर्जना गर्न सक्ने :**

१) नगर कार्यपालिकाले वाल कक्षा , आधारभूत र माध्यमिक तहका नगर स्वयम सेवक शिक्षकहरुको पाश्रमिक स्वरुप एकमूष्ट अनुदान विद्यालयलाई प्रदान गर्ने प्रयोजनका लागि नगर स्वयम सेवक शिक्षक अनुदान कोटा सृजना गर्न सक्नेछ ।

२) स्वयम सेवक शिक्षकको कोटा वितरण देहाय बमोजिम मापदण्डका आधारमा वितरण गरिनेछ ।

क) शून्य दरवन्दी भएको विद्यालयलाई पहिलो प्राथमिकता दिने

ख) एक जना मात्र शिक्षक दरवन्दी भएको विद्यालयलाई थप गर्ने

ग) विद्यालयमा संचालित कक्षा , तह र विद्यार्थी संख्याको आधारमा मापदण्ड निर्धारण गरी वितरण गर्ने

घ) आधारभूत तह र माध्यमिक तहमा विषयगत दरवन्दीलाई समेत आधार लिएर वितरण गर्ने

४) नगर स्वयम सेवक शिक्षकको योग्यता तथा तालिम सम्वन्धि व्यवस्था : नियम ३ बमोजिम सृजना भएका कोटामा नियुक्त हुने स्वयम सेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ :

१) वाल कक्षा नगर स्वयम सेवक शिक्षक:

क) मान्यता प्राप्त शिक्षण संस्थावाट माध्यमिक शिक्षा उत्तीर्ण (SEE) वा सो सरह को परीक्षा उत्तीर्ण गरेको

ख) नेपाली नागरिकता प्राप्त गरेको

२) आधारभूत तह

क) सम्वन्धीत विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको

ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण

ग) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको

घ) नेपाली नागरिकता प्राप्त गरेको ।

३) माध्यमिक तह ( कक्षा ९ -१० )

क) सम्वन्धीत विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको

ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको वा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण

ग) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको

घ) नेपाली नागरिकता प्राप्त गरेको ।

५) उम्मेदवारको लागि अयोग्यता : देहायको व्यक्तिहरु नगर स्वयम सेवक शिक्षक पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैन :

क) गैर नेपाली नागरिक



**नगर प्रमुख**

Scanned by TapScanner

ख) १८ वर्ष उमेर नपुगेको

ग) ४० वर्ष उमेर पूरा भएको

घ) मगज विग्रेको

ङ) नैतिक पतन देखिने फौदारी अभियोगमा अदालतवाट कसुरदार ठहरिएको , भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवावाट बर्खास्त गरिएको

च) अध्यापन अनुमति पत्र नलिएको

छ) तालिम नलिएको

माथि जेसुकै लेखिए पनि वाल कक्षा शिक्षकको लागि अध्यापन अनुमति पत्र आवश्यक पर्ने छैन । तिन पटक विज्ञापन लगाउदा पनि अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिको निवेदन नपरेमा विज्ञान र कम्प्युटर विषयको हकमा अध्यापन अनुमति प्राप्त नभएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्न सक्ने छ ।

६) पाठ्यक्रम , परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रक्रिया: परीक्षाको पाठ्यक्रम , परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

७) स्वयम सेवक शिक्षकको पदपुर्ति देहाय बमोजिम गरिनेछ :

१) पाटन नगरपालिकाले अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वय गर्नको लागि दरवन्दी अभाव भएको विद्यालयमा एकमूष्ट अनुदान निकासा गर्नको लागि सामुदायिक विद्यालयलाई प्रदान गरिएको नगर स्वयम सेवक शिक्षक कोटामा स्वयम सेवक शिक्षक छनौट गर्न विद्यालयमा तपशिल बमोजिमको शिक्षक छनौट समिति रहने छ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा अध्यक्षले तोकेको विद्यालय व्यवस्थापन समिति सदस्य – संयोजक

ख) विद्यालय व्यवस्थापन समितिले छनौट गरेको ५ वर्ष स्थायी भएका विषय विज्ञ - सदस्य

ग) शिक्षा शाखा प्रतिनिधि - सदस्य

घ) सम्वन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) विद्यालय व्यवस्थापन समितिले १५ दिने विज्ञापन गर्नु पर्ने छ । विज्ञापनको सूचना वडा कार्यालय , नगर कार्यपालिकाको कार्यालय र सम्वन्धित विद्यालयको सूचना पाटिमा टाँस गर्नुको साथै स्थानीय एफ एम रेडियोमा समेत प्रसारण गर्नु पर्ने छ ।

३) विषय विज्ञ छनौट – विद्यालय व्यवस्थापन समितिले विषय विज्ञ छनौट गर्दा शिक्षा प्रतिनिधिको रोहवरमा गोला प्रथाको माध्यमवाट परीक्षा संचालन गर्ने दिनेको विहान छनौट गर्नु पर्ने छ र विषय विज्ञ लाई छिटो साधनद्वारा परीक्षा हुने स्थानमा ल्याउनु पर्ने छ ।

४) परीक्षा हुने मिति र केन्द्र - विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम स्वयम सेवक शिक्षक छनौट परीक्षाको मिति तय गरिनेछ । स्वयम सेवक शिक्षक छनौट परीक्षा केन्द्र विद्यालयले आफ्नो अनुकुलता बमोजिम विद्यालयमा , साविकको स्रोत केन्द्र भवन वा नगर कार्यपालिकाको कार्यालयको भवनमा संचालन गर्न सक्ने छ ।

नगर प्रमुख



Scanned by TapScanner

५) नियुक्ति – विद्यालय व्यवस्थापन समितिले स्वयम सेवक शिक्षक छनौट समितिले सिफारिस गरेको सफल उम्मेद्वारलाई सिफारिस गरेको पन्ध्र दिन भित्र नगर स्वयम सेवक शिक्षक पदमा एक शैक्षिक सत्रको लागि करारमा नियुक्त गर्नुपर्ने छ ।

६) स्वयम सेवक शिक्षक छनौट समितिको काम , कर्तव्य र अधिकार :

क) लिखित परीक्षाको लागि निर्माण गरिएको प्रश्नपत्रको गोपनियता कायम राख्ने ।

ख) मर्यादित ढङगले लिखित परीक्षा संचालन गर्ने।गराउने ।

ग) लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्ने गराउने ।

घ) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने ।

ङ) अन्तरवर्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तरवार्ता लिने ।

च) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने ।

छ) नियुक्तिका लागि सिफारिस गर्ने ।

ज) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्वन गर्ने ।

८) निर्वाह भत्ता ( पारिश्रमिक) – नगर सभाले विनियोजन गरेको वजेटको परिधिभित्र रहेर नगर कार्यपालिकाले छुट्याएको नगर स्वयम सेवक कोटाहरुको लागि नगर कार्यपालिकाको निर्णय बमोजिम नगर स्वयम सेवक शिक्षकको पारिश्रमिक को रुपमा निवार्ह भत्ता एकमुष्ट अनुदानको रुपमा एक किस्ता वा दुई किस्तामा विद्यालयलाई अनुदान स्वरुप निकासा गरिने छ र विद्यालयले नियुक्त गरेको नगर स्वयम सेवक शिक्षकलाई निर्वाह भत्ता पारिश्रमिकको रुपमा प्रदान गर्नु पर्ने छ ।

## परिच्छेद ३

९) नगर स्वयम सेवक शिक्षक एकमुष्ट अनुदान खारेज गर्न सकिने : संघिय सरकार तथा प्रदेश सरकारवाट शिक्षक दरवन्दी प्राप्त भएमा , शिक्षक विद्यार्थी अनुपातमा शिक्षक पर्याप्त भएमा वा नगरपालिकामा आर्थीक स्रोतको अभाव भएमा नगर कार्यपालिकाले नगर स्वयम सेवक शिक्षक अनुदान खारेज गर्न सक्ने छ ।

१०) प्रचलित कानुन लागू हुने : यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

११) अवकाश – नगर स्वयम सेवक शिक्षकको कार्य सम्पादन सन्तोषजनक नभएमा विद्यालय व्यवस्थापन समितिले जुनसुकै वखत अवकास गर्न सक्नेछ । नियुक्ति हुदाका समयमा यस कार्यविधि बमोजिम योग्यता प्राप्त नभइ अयोग्य शिक्षकहरु नियुक्त भएको भएमा उक्त शिक्षकहरु यो कार्यविधि जारी भएको दिन देखी स्वत: अवकाश हुनेछ ।

१२) कारवाही सम्वन्धी – यस कार्यविधि विपरीत कुनै विद्यालयले नगर स्वयम सेवक शिक्षक नियुक्त गरेमा तथा कार्यविधि विपरित नियुक्त भएका शिक्षकहरुलाई निरन्तरता दिएमा त्यसरी नियुक्त गर्ने पदाधिकारीवाट स्वयम सेवक



नगर प्रमुख

Scanned by TapScanner

शिक्षकले खाइपाइ पारिश्रमिक वाफतको रकम असुल उपर गरिनेछ। नगर स्वयम सेवकको निर्वाह भत्ता वाफत निकासा हुने अनुदानलाई अन्य शिर्षकमा खर्च गरेमा खर्च गरेको रकम असुल उपर गरि नियमानुसार विभागिय कारवाही गरिनेछ।

१३) विशेष व्याख्या : यो कार्यविधि जारी हुनु अगाडी विद्यालय व्यवस्थापन समितिवाट यो कार्यविधि बमोजिम योग्यता प्राप्त भइ नियुक्त भएका तर प्रक्रिया नपुऱ्याएका वाल कक्षा नगर स्वयम सेवक शिक्षकहरु तथा नगर स्वयम सेवक शिक्षकहरुलाई आन्तरिक प्रतिस्पर्धात्मक परीक्षा गरी यो कार्यविधि बमोजिमको शिक्षक छनौट समितिको सिफारिस बमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरि नियुक्तिलाई निरन्तरता गर्नुपर्ने छ । विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्दा उमेरको हद ननाघेका तर हाल ४० वर्ष भन्दा वढी उमेर पुरा भएका स्वयम सेवक शिक्षकहरु समेत आन्तरिक परीक्षामा सहभागि हुन पाउने छन।

१४) अन्तिम व्याख्या : कार्यविधि कार्यान्वयनमा कुनै द्धविधा उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

१५) खारेज : नगर कार्यपालिकाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ।

**नगर प्रमुख**

**आज्ञाले**
**लक्ष्मीदत्त भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**



Scanned by TapScanner